# नौमूले गाउँपालिका

# बहुक्षेत्रीय पोषण योजनाको बार्षिक प्रतिबेदन २०७४/७५

## Multi Sector Nutrition Plan Annual Report 2074/75

## २०७५ असार ३०



**नौमूले गाउँ कार्यपालिकाको कार्यालयद्वारा तयार पारिएको बहुक्षेत्रीय पोषण योजनाको बार्षिक प्रतिबेदन २०७४/७५**

# बिषय-सूची


| क्र. स. | शिर्षक | पृष्ठ संख्या |
|---|---|---|
| १ | गाउँपालिका अध्यक्षको मन्तब्य | १ |
| २ | प्रमुख प्रशासकिय अधिकृतको भनाई | २ |
| ३ | स्वास्थ्य संयोजकको कलमबाट | ३ |
| ४ | प्रतिबध्दता | ४ |
| ५ | नौमूले गाउँपालिकामा बहुक्षेत्रीय पोषण योजना | ५ |
| ६ | नौमूले गाउँपालिकाको जनसंख्या र क्षेत्रफल | ६ |
| ७ | बहुक्षेत्रीय पोषण कार्यक्रम नौमूलेमा कार्यान्वयनको संक्षिप्त बिवरण | ७ |
| ८ | स्थानिय तहमा रहेका सेवा केन्द्र तथा संस्थाको बिवरण | ८ |
| ९ | बहुक्षेत्रिय पोषण योजनाका समस्या / चुनौतिहरु | ९ |
| १० | कार्यक्रमलाई प्रभावकारी बनाउन गरिनु पर्ने प्रयास / सुझावहरु | १० |
| ११ | बहुक्षेत्रिय पोषण योजना अन्तर्गत क्षेत्रगत क्रियाकलापहरु | ११ |
| १२ | निष्कर्ष | १३ |
| १३ | नौमूले गाउँपालिकामा MSNP लागु भएको / नभएको वडाको नक्सा | १४ |
| १४ | बहुक्षेत्रीय पोषण योजनाका केहि तस्बिरहरु | १५ |
| १५ | बहुक्षेत्रीय पोषण योजनाको रिपोर्ट | २३ |
| १६ | स्थानीय तहको पार्श्वचित्र | २८ |
| १७ | स्थानीय प्रतिनिधिहरुको बिवरण | २९ |
| १८ | वडागत जनसंख्या बिवरण | ३० |
| १९ | पोषणमा सम्बन्धित क्षेत्रको भूमिका | ३१ |
| २० | पोषणको अवस्था सुधारमा देखिएका चुनौतिहरु | ३६ |
| २१ | अनुगमन प्रतिबेदन | ३७ |
| २२ | कार्य प्रगति प्रतिबेदन | ३८ |



# गाउँपालिका अध्यक्षको मन्तब्य

नौमूले गाउँपलिकालाई ५ बर्ष भित्र कुपोषण मुक्त गर्ने हामीले प्रतिबध्दता गरेका छौं | हाम्रो समाजमा कुपोषण एउटा गम्भीर समस्याका रुपमा रहेको छ | सुस्तमनस्थिति भएका बाल बालिका तथा बयस्कहरु, आयोडिनको कमीले छिटफुट रुपमा देखिने गलगाँडका समस्याहरु लगायत उचित पोषण अभाबले ख्याउतेपन र पुड्कोपन पनि देखिएका छन् |

कूपोषित आमाले जन्माएको बच्चालाई पनि कुपोषण हुने र उक्त बच्चा ठुलो भएपछी उसले जन्माएको सन्तानहरु पनि कुपोषित हुने जुन चक्र छ त्यसलाई तोड्न जरुरी छ | यसका लागि एकल प्रयासले मात्र सम्भव हुँदैन | पोषणसंग सम्बन्धित विविध क्षेत्रहरुको संलग्नतामा योजनाबद्ध रुपले हामीले कार्यक्रम तथा क्रियाकलापहरु संचालन गरयौं भने मात्र हामी हाम्रो प्रतिबध्दता पुरा गर्न सफल हुनेछौं |

यसर्थ आगामी दिनमा पनि यसै गरी स्वास्थ्य, शिक्षा, कृषि, पशु, महिला तथा बालबालिका, खानेपानी तथा सरसफाई आदि बिषयगत क्षेत्रहरुको सहकार्यमा पोषण कार्यक्रमका पोषण सम्बन्धि काम गर्ने साझेदार संघसंस्थाहरुसंग हातेमालो गरि बहुक्षेत्रीय पोषण योजनालाई कार्यक्रम लागु नभएका अन्य बिपन्न गाउँ टोल र वडाहरु सम्म विस्तार गर्दै कुपोषणलाई हाम्रो समाजबाट सधैका लागि अन्त्य गर्न हामी सफल हुनेछौं भन्ने मैले आशा लिएको छु |

**भदे बुढा मगर**
गा. पा. अध्यक्ष
नौमुले गाउँपालिका, दैलेख



# प्रमुख प्रशासकिय अधिकृतको भनाई

नेपालको संविधानको धारा १५ (३) बमोजिम स्थापित तहमा साबिकमा नेपाल सरकार, राष्ट्रिय योजना आयोगले तर्जुमा गरेको बहुक्षेत्रीय पोषण योजना कार्यक्रम हस्तान्तरण गरि बार्षिक रुपमा बिनियोजन गरी सोको कार्यन्वयनको लागि स्थानीय तहमा बजेटको अख्तियारी हस्तान्तरण गरेको छ | हाल सोहि व्यवस्था तथा अन्य अभ्यास बमोजिम बहुक्षेत्रीय पोषण कार्यक्रम पनि स्थानिय तहमा हस्तान्तरण भई स्थानीय आवश्यकता र सक्षमता आधारित कार्यक्रम तर्जुमा र कार्यान्यवनको अवस्थामा छ |

कुपोषणलाई स्वास्थ्य क्षेत्रको एकल प्रयासले मात्र न्यूनीकरण गर्न सम्भव हुदैन भन्ने कुरा विभिन्न अध्ययनले पुष्टि गरेको र सोहि अनुसार बहुक्षेत्रीय पोषण योजना तर्जुमा गरि कार्यान्वयन भइरहेको यस योजनाबाट प्राप्त उपलब्धिलाई निरन्तरता दिन बहुक्षेत्रीय पोषण योजना दोस्रो संचालनमा छ | विभिन्न बिषयगत मन्त्रालयहरु र विकास सझेदर्हरुकेओ सहभागितामा तर्जुमा गरिएको बहुक्षेत्रिये पोषण योजना दोस्रोको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न केन्द्रमा सात वटा बिषयगत (स्वास्थ्य, कृषि, पशुपंछी, शिक्षा, खानेपानी तथा सरसफाई, महिला बालबालिका तथा समाज कल्याण, संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय) क्षेत्रहरु, विकास साझेदार, निकायहरु तथा अन्य सरोकारवालाहरुको सामुहिक प्रयासबाट बहुक्षेत्रिय पोषण योजनाको तर्जुमा र कार्यान्वयन गरिएको छ |

स्थानिय तहमा पनि माथि उल्लेखित विभिन्न बहुक्षेत्र, बिषयगत क्षेत्रको सहभागितामा कार्यक्रम / योजना तर्जुमा गरि कार्यान्वयन गर्ने प्रयत्न गरिएको छ | हाल केन्द्रले उक्त योजना स्थानिय तहमा कार्यान्वयन गर्ने प्रत्यक आ.व.मा निश्चित रकम (बजेट) अख्तियारी सहित हस्तान्तरण गर्ने गरेको छ | सोहि प्रयास अनुरुप यस दैलेख जिल्लाको नौमूले गाउँपालिकामा अख्तियारी आएको र सो रकमको बांडफाँट गरी बार्षिक विकास कार्यक्रम तर्जुमा गरि यस नौमूले गाउँपालिकाको वडा नं ३ र ८ मा लागु गरिएको छ |

आगामी आ. व. २०७५/७६ मा उक्त कार्यक्रम यस नौमूले गाउँपालिकाको सबै वडामा लागु गर्न सबै वडाका जनप्रतिनिधिबाट माग भएको छ | यस बहुक्षेत्रिय पोषण योजना कार्यक्रम तर्जुमा र कार्यान्वयनमा सहयोग गर्ने संघिय मामिला तथा स्थानिय सामान्य प्रशासन मन्त्रालय, पोषण तथा खाध्य सुरक्षा नेपाल, यूरोपियन यूनियन, यूनिसेफ, नौमूले गा पा का स्वास्थ्य शाखा प्रमुख भुपेन्द्र शाही लगायत सम्पूर्ण कर्मचारीहरु, जनप्रतिनिधि, विकास साझेदार निकाय तथा सरोकारवाला सबैलाई हार्दिक धन्यवाद ब्यक्त गर्दछु |

**हरी बहादुर खत्री**
प्रमुख प्रशासकिय अधिकृत
नौमूले गाउँपालिका, दैलेख



# स्वास्थ्य संयोजकको कलमबाट

नौमूले गाउँपालिका वडा नं ३ द्वारी र वडा नं ८ चौराठामा संचालित बहुक्षेत्रीय पोषण योजना कार्यक्रम संचालनको प्रथम बर्ष उपलब्धिमुलक रह्यो | सुनौला १००० दिनका आमा तथा किशोर किशोरी लक्षित बिषयगत क्षेत्रका स्वास्थ्य, शिक्षा, पशु, कृषि, खानेपानी सरसफाई तथा महिला विकास तर्फका बिबिध कार्यक्रम र क्रियाकलापहरु संचालन गरि आ. व. ०७४/७५ को बहुक्षेत्रीय पोषण कार्यक्रम सम्पन्न भयो |

कार्यक्रम संचालनमा जनप्रतिनिधि, बिषयगत शाखाका कर्मचारीहरु तथा महिला स्वास्थ्य स्वयंसेविकाको सक्रिय सहभागिता रह्यो | कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि आगामी दिनमा समेत यसरी नै सम्पूर्ण क्षेत्रका ब्यक्तित्वहरुको सहभागिता रहेमा कार्यक्रम सफल हुने देखिन्छ | साथै लक्षित समुदायको माग तथा आवश्यकतामा आधारित क्रियाकलाप तथा कार्यक्रमहरु बनाउन सकेमा कार्यक्रम प्रभावकारी हुने देखिन्छ |

एउतै मात्र बिषयगत क्षेत्रले उक्त कार्यक्रम संचालन गर्दा अपुरो र अधुरो रहने हुँदा सम्बन्धित सम्पूर्ण बिषयगत क्षेत्र जनप्रतिनिधि, शिक्षक, कर्मचारी, नेतृत्व तथा नागरिक अगुवाहरुको सहभागिताको ठुलो भूमिका रहन्छ | पोषण सम्बन्धि स्वाथ्य शिक्षाका साथ साथै व्यवहारिक रुपमा खाध्यान्न, तरकारी तथा पशु जन्य उत्पादनहरु अभिबृधि गरि उपभोग गरेमा लक्षित समुदायको पोषण स्थितिमा सकारात्मक परिबर्तन हुने देखिन्छ |

सरसफाई सम्बन्धि ज्ञानलाई व्यवहारिक रुपमा प्रयोग गर्दा पोषण स्थितिमा अप्रत्यक्ष रुपमा सुधार हुने पानी जन्य रोगहरुमा नियन्त्रण हुने, सरुवा रोगमा कमि आई उपचारमा लाग्ने खर्च बचत हुने र स्वास्थ्य स्थिति राम्रो भएमा बाल बालिकाहरुको पढाई पनि राम्रो हुने देखिन्छ |

आगामी दिनमा बहुक्षेत्रीय पोषण योजनालाई अन्य टोल तथा वडाहरुमा विस्तार गर्न सकिएमा लक्षित समुहको पोषण स्वास्थ्य, शिक्षा लगायत सामाजिक विकास भइ आर्थिक तथा भौतिक बिकासमा गुणात्मक परिवर्तन हुनेछ |

**भुपेन्द्र शाही**
स्वास्थ्य संयोजक
नौमूले गाउँपालिका, दैलेख

नौमुले ...... गाउपालिका

नौमुले ......, दैलेख

६ नं. प्रदेश, नेपाल

नौमुले गाउँ पालिका गाउँ कार्यपालिकाको कार्यालय नौमुले, दैलेख ६ नं. प्रदेश, नेपाल

पोषण तथा खाद्य सुरक्षा नेपाल

# प्रतिवद्धता

२०७४ श्रावण २६

नेपालमा मातृ शिशु पोषण स्थितिमा सुधार ल्याउन नेपाल सरकार, संयुक्त राष्ट्र संघीय निकायहरू, विकास साझेदारहरू, निजी क्षेत्र र नागरिक समाजका प्रतिनिधिहरूबाट २०६९ साल असोज ४ गते प्रतिवद्धताको घोषणा पत्रमा हस्ताक्षर गर्दै बहुक्षेत्रीय पोषण योजना २०६९-२०७३ कार्यान्वयन भईरहेको छ । नेपालले सन् २०३० सम्ममा कुपोषणलाई अन्त्य गर्ने अन्तराष्ट्रिय प्रतिवद्धता व्यक्त गरेको छ । विगतमा स्थानीय स्तरमा जिल्ला समन्वय समितिको (साविकको जिल्ला विकास समिति) संयोजनकारी भूमिकामा स्थानीय निकाय र विषयगत कार्यालयहरु मार्फत यो योजना कार्यान्वयनमा रहेकोमा हाल नया संविधान जारी भई संघ, प्रदेश र स्थानीय तहका अधिकारहरु स्पष्ट भई आएका छन । आज यो कार्यक्रमको सफल कार्यन्वयनको कर्तव्य हाम्रो भएको छ । आज मिति २०७४ श्रावण २६ गते यस गाउपालिकाका निर्वाचित पदाधिकारीहरु हामी बहुक्षेत्रीय पोषण योजनाको अभिमुखिकरणमा उपस्थित भई निम्नानुसारका क्रियाकलाप पूर्ण रुपमा कार्यान्वयन तथा सहभागिता जनाई गाउपालिकामा यस योजना सफल सञ्चालन गर्ने प्रतिवद्धता जाहेर गर्दछौं ।

**प्रतिवद्धताः**

१. सबै बालबालिकालाई अनिवार्य विद्यालय जाने वातावरण सृजना गरि गुणस्तरीय शिक्षाको व्यवस्था गर्नेछौं ।
२. निशुल्क तथा गुणस्तरीय उपचारका लागि प्रत्येक वडामा स्वास्थ्य चौकी र गाउपालिकामा एक १५ शैयाको प्रसुती सेवा सहितको अस्पताल निर्माण गर्नेछौं ।
३. सुत्केरी आमालाई ४५ दिनभित्र बच्चाको जन्मदर्ता गराएमा पोषण भत्ता प्रदान गर्नेछौं ।
४. छाउपडी प्रथाको उन्मुलन गर्नेछौं ।
५. विद्यालय बाहिर रहेका किशोरीहरुलाई विधालय फर्काउने वातावरण तयार गर्दै विद्यालय फर्कन नसक्ने किशोरीहरुलाई शिपमुलक तालिम प्रदान गरी व्यवसायीक बनाउने छौं ।
६. गाउभित्र स्वच्छ खानेपानीको व्यवस्था सुनिश्चित गर्नेछौं ।
७. वालविवाह न्यूनीकरणको गर्नेछौं ।
८. अभिमुखिकरणमा प्राप्त ज्ञान सीप र साझा बुझाईलाई व्यवहारमा लागु गर्न सदा तत्पर रहनेछौं ।
९. विभिन्न तहमा भएका प्रतिवद्धता, कार्ययोजना र समन्वय संयन्त्रसहित कार्यान्वयनको सुनिश्चितताका लागि सहयोगी निकायबाट प्राप्त सहयोगलाई समेत मूलप्रवाहीकरण गर्दै प्रभावकारी अनुगमन गर्न अघि बढ्नेछौं ।
१०. सवैस्तरमा बहुक्षेत्रीय पोषण योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमन, सुशासन र पारदर्शिताको सुनिश्चितता गर्ने छौं ।
११. यो योजना सञ्चालन गर्न संघीय, प्रादेशिक, अन्य स्थानीय तह लगायत विकास साझेदार एवंम् सरोकार निकायसँग सार्थक समन्वय गर्नेछौं ।
१२. स्वस्थ्य सफा र पुर्ण पोषणयुक्त घर, गाउँ, वडा अभियान सञ्चालन गर्दै आगामी ५ बर्षभित्र यस नौमुले गाउपालिकालाई कुपोषणमुक्त गर्नेछौं ।

गाउपालिका स्तरीय अभिमुखिरण २०७४ श्रावण २६, नौमुले, दैलेख ।

# नौमूले गाउँपालिकामा बहुक्षेत्रीय पोषण योजना

नेपाल बिश्वब्यापी पोषण आन्दोलनको सहयात्री हो र स्वीकृत सूचकका आधारमा आफ्ना नागरिकको पोषणको स्थितिमा सुधार ल्याउन प्रतिबद्ध छ | नेपालमा पोषण न्यूनताका लागि थुप्रै परस्पर सम्बन्धित कारक तत्व जिम्मेवार रहेका छन् जसले समाधानका लागि विविध क्षेत्रबाट व्यापक सुधारको अपेक्षा गर्छन | पोषणको सवाललाई बहुक्षेत्रीय दृष्टिकोण अबलम्बन गरि क्रमबद्ध र सम्बन्धित ढंगले सम्बोधन गर्ने प्रयास स्वरुप यो योजना तयार गरिएको हो | बिगतका प्रयासहरु क्षेत्र-केन्द्रित परस्पर असम्बन्ध र छरिएका हुनाले बांछित उपलब्धि हासिल हुन सकेन | प्रस्तुत पोषण योजना र बिगतका योजनाहरुबिचको भिन्नता के छ भने यो बढी लक्ष्य केन्द्रित छ र यसले सम्बद्ध विभिन्न क्षेत्रहरुको सम्भावित प्रयासमा जोड दिन्छ | यसले आमा र शिशुमा कुपोषण न्यूनता न्यूनीकरणको प्रक्रियालाई तिब्रता दिन खोजेको छ | अन्य मुलुकको अनुभवलाई हेर्दा एक दशकभित्रमा दुई बर्षसम्मका बाल बालिकालाई मातृशिशु पोषणमा सुधार ल्याउने हो जसको परिमाणस्वरूप आमा शिशु र बाल बालिकामा पोषण न्यूनताको स्थितिमा कमि आउनेछ, बालबालिकाको पुड्कोपनमा एक तिहाईले कमि आउनेछ | पोषण लक्षित र पोषणप्रति सम्बेदनशील दुवै प्रकारका आधारभूत कार्यक्रममा विस्तार गरि यो लक्ष्य हासिल गरिने छ |

नौमूले गाउँपालिकाको वडा नं ३ दवारी र वडा नं ८ चौराठामा बहुक्षेत्रीय पोषण योजना स्वीकृत भई उक्त  कार्यक्रम तोकिएका वडाहरुमा २०७४ श्रावन २६ गते देखि २०७५ साल अषाढ मसान्तसम्म संचालन गर्दा सबै पक्ष सबल देखियो | विभिन्न चुनौतिका साथ कार्यक्रम समापन गरियो | यस कार्यक्रमबाट तोकिएका सरोकारवालाहरुलाई कार्यक्रमले सकारात्मक सोचको विकास गरायो | यस कार्यक्रमको लागि आर्थिक लगानी वृधि गरि आगामी बर्षहरुमा सबै वडाहरुमा पुग्ने अख्तियारी प्राप्त भएमा मात्र आशातित उपलब्धिहरु प्राप्त गर्न सकिने देखिन्छ |

**कार्यक्रमको नाम:** बहुक्षेत्रीय पोषण योजना

**स्वीकृत बजेट खर्च शिर्षक नं:** ३६५८४७

**कार्यक्रमको सम्क्षिप्त परिचय तथा उद्देश्य:** मातृ शिशु पोषणको स्थितिमा सुधार ल्याउने सम्बन्धमा प्रमुख क्षेत्रगत तहहरुको क्षमता अभिबृधि गरि बहु क्षेत्रीय पोषण कार्यक्रमहरुको तर्जुमा कार्यान्वयन र अनुगमन गर्न सामार्थ बनाउने |

**कार्यक्रमको संचालन स्थान र मिति:** नौमूले गाउँपालिका वडा नं ३ र ८, २०७४ श्रावन २६ देखि |

**कार्यक्रमको सबल पक्ष:** स्थानीय स्तरमा नीति तथा योजना र बहु क्षेत्रीय समन्वयमा सुधार आएको | पोषण लक्षित वा पोषण सेवाहरुको उच्चतम प्रयोग गर्ने व्यवहारमा सुधार भएको |

पोषण तथा खाद्य सुरक्षा नेपाल

EUROPEAN UNION

unicef

# नौमूले गाउँपालिकाको जनसंख्या र क्षेत्रफल

| क्र.स. | वडा नं | समावेश गा बि स | जनसंख्या | क्षेत्रफल (वर्ग कि मी) |
|---|---|---|---|---|
| १ | १ | तोली(१-९) | ३४८० | २०.२३ |
| २ | २ | बालुवाटार(१-९) | ३५२४ | ६०.०४ |
| ३ | ३ | द्वारी(१-९) | २६८१ | ३६.०१ |
| ४ | ४ | कालिका(१-९) | २४६० | ५९.६८ |
| ५ | ५ | नौमूले(१-९) | १७८० | ११.५१ |
| ६ | ६ | सल्लेरी(१-५) | २१९७ | १३.८ |
| ७ | ७ | सल्लेरी(६-९) | १८११ | ११.२६ |
| ८ | ८ | चौराठा(१-९) | २८६१ | १६.०६ |
| | | **जम्मा** | **२०८०२** | **२२८.५९** |

**District:- Dailekh** **Palika:- Naumule Gaunpalika**

| Ward No. | Household | Population | | |
|---|---|---|---|---|
| | | Total | Male | Female |
| 1 | 663 | 3,480 | 1,662 | 1,818 |
| 2 | 602 | 3,524 | 1,736 | 1,788 |
| 3 | 478 | 2,681 | 1,370 | 1,311 |
| 4 | 416 | 2,460 | 1,211 | 1,249 |
| 5 | 334 | 1,780 | 852 | 928 |
| 6 | 393 | 2,197 | 1,006 | 1,191 |
| 7 | 296 | 1,811 | 892 | 919 |
| 8 | 526 | 2,869 | 1,316 | 1,553 |
| Total | 3,708 | 20,802 | 10,045 | 10,757 |

पोषण तथा खाद्य सुरक्षा नेपाल

EUROPEAN UNION

unicef

# बहुक्षेत्रीय पोषण कार्यक्रम नौमूलेमा कार्यान्वयनको संक्षिप्त बिवरण

| | | | | | |
|---|---|---|---|---|---|
| **जिल्ला:** दैलेख | | | | | |
| **गाउँपालिकाको नाम:** नौमूले | | | | | |
| **कुल जनसंख्या:** २०८०२ | | **महिला:** १०७५७ | | **पुरुष:** १००४५ | |
| **लक्षित लाभग्राही संख्या:** ५५४२ | | | | | |
| **अनुमानित गर्भवती महिला** | १६० | **दुई बर्ष मुनिका बालबालिकाहरु** | २५८ | **पांच बर्ष मुनिका बाल बालिकाहरु** | ६१० |

# पोषणको स्थिति पाँच बर्ष मुनिका बालबालिकाहरु

| | | | | | |
|---|---|---|---|---|---|
| **अति शिघ्र कुपोषण** | 0 | **मध्यम शिघ्र कुपोषण** | 0 | **रक्त अल्पता** | 0 |
| **कम तौल** | २३ | **पुड्कोपन** | 0 | **ख्याउटेपन** | 0 |
| **अन्य** | 0 | | | | |

पोषण तथा खाद्य सुरक्षा नेपाल

EUROPEAN UNION

unicef

# स्थानिय तहमा रहेका सेवा केन्द्र तथा संस्थाको बिवरण

| क्र.स. | सेवा केन्द्र तथा संस्थाको नाम | संख्या | रहेको स्थान र वडा नं |
|---|---|---|---|
| १ | कृषि सेवा केन्द्र | १ | नौमूले गा. पा. वडा नं १ |
| २ | पशु सेवा केन्द्र | १ | नौमूले गा. पा. वडा नं १ |
| ३ | स्वास्थ्य संस्था (सरकारी) | ९ | ८ वटा वडामा |
| ४ | आयुर्वेद औषधालय (सरकारी) | १ | नौमूले गा. पा. वडा नं १ |
| ५ | विद्यालय (सरकारी) | ४८ | ८ वटा वडामा |
| ६ | बिद्यालय(निजि) | ४ | वडा नं १,४,५,८ |

पोषण तथा खाद्य सुरक्षा नेपाल

EUROPEAN UNION

unicef

# बहुक्षेत्रिय पोषण योजनाका समस्या / चुनौतिहरु

यस नौमूले गाउँपालिकामा

- भिरालो जमिनमा सिचाई अभावका कारण उत्पादनमा कमि
- जनचेतनाको कमि
- बाल बालिकाहरुमा जंक फूडको प्रयोग
- गाउँघरमा कार्यबोझका कारण पोषण युक्त खानाको परिकार बनाउन नसक्नु
- बालविवाह र कम उमेरमा बच्चा जन्माउनु

## उपलब्धिहरु

- पोषण सम्बन्धि चेतना स्तरमा सुधार भएको |
- विभिन्न फलफुल तथा तरकारी, माछा, मासु लगायत खाध्य पदार्थमा पाइने पौष्टिक तत्वकोक बारेमा बर्गिकरण सहितको ज्ञान प्राप्त भएको
- स्थानीय स्तरमा नीति तथा कार्य योजना र बहुक्षेत्रीय समन्वयमा सुधार आएको
- कुपोषणको असर र त्यसले पर्ने असरको बारेमा ज्ञान प्राप्त भएको
- पोषण लक्षित वा पोषण सम्बेदनशील सेवाहरुको उच्चतम प्रयोग गर्न व्यवहारमा सुधार भएको

पोषण तथा खाद्य सुरक्षा नेपाल

EUROPEAN UNION

unicef

## कार्यक्रमलाई प्रभावकारी बनाउन गरिनु पर्ने प्रयास / सुझावहरु

- सबै वडाहरुमा १००० दिनका आमाहरुको सूची तयार गरि उनीहरुसंग अन्तरक्रिया गर्ने ।
- बहुक्षेत्रिय पोषण कार्यक्रम संचालित वडाका सबै स्वास्थ्य कर्मीहरुलाई बहुक्षेत्रीय पोषणको बारेमा अभिमुखीकरण गरिनु पर्ने ।
- समिक्षा र नियमित बैठक गर्ने ।
- स्थानीय तहको योजना तर्जुमा गर्दा पोषण सम्बन्धि कार्यक्रम समाबेश गर्ने ।
- बासि तथा म्याद नाघेका र जंक फुड जस्ता खाध्य बस्तुको प्रयोग गर्न नदिने व्यवस्था मिलाइनु पर्ने ।
- स्थानीय संचार माध्यमबाट पोषण सम्बन्धि व्यवहार परिबर्तन सन्देश प्रशारण गर्ने ।

## कुपोषण घटाउने रणनीतिक कार्यक्रम

कुपोषण घटाउन तपसिल बमोजिमका रणनीतिहरु अपनाउनु पर्ने देखिन्छ:

- स्थानीय स्तरमा उपलब्ध पोषण युक्त खाध्य पदार्थको उपभोगमा वृधि
- जंक फूड को उपभोगलाई निरुत्साहित गर्ने
- पोषण सम्बन्धि जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने

## कार्यक्रममा समावेश गरिनु पर्ने पक्षहरु

- ग्रिन हाउस, पाल, बिउ बिजन, पाइप, हजारी, स्पिंगकल (कृषि उत्पादनको बृदि गर्न)
- कुखुरा तथा पशु पालन
- लिटो जाउलो बनाउने भाँडाकुडाहरु
- सरसफाईका सामाग्रीहरु
- पोषण कर्नरका सामाग्रीहरु
- रिपोर्टिंग तथा रेकर्डिंग फारमहरू

पोषण तथा खाद्य सुरक्षा नेपाल

EUROPEAN UNION

unicef

# बहुक्षेत्रिय पोषण योजना अन्तर्गत क्षेत्रगत क्रियाकलापहरु

**१. कृषि क्षेत्र**

- पोषणयुक्त खाधान्न उत्पादन गर्ने र यस्ता उत्पादनमा कृषकहरुको क्षमता वृधि गर्ने |
- परम्परागत खाद्यबस्तुमा आधारित पोशंयुक्त आहारको तयारी बारे जानकारी वृधि गर्ने कार्यक्रम |
- करेसाबारी निर्माण गर्न घरपरिवारलाई प्रोत्साहन गर्ने |
- लक्षित बर्गको घरपरिवारमा करेसाबारी निर्माण गर्ने |
- उन्नत बिउ प्रबर्धन, साना सिंचाईका कार्यक्रम संचालन गरी कृषि उत्पादन बढाउने |
- जैविक मल तथा जैविक बिषादी सम्बन्धि प्रयोगमा कृषकहरुलाई तालिम दिने |

**२. पशुपंछी क्षेत्र**

- सुनौला हजार दिनका परिवारलाई प्रोत्साहनको लागि अन्डा, घिउ उपहार तथा वितरण गर्ने |
- कुखुरापालन, मौरीका घार, माछाका भुरा र अन्य पशुजन्य उत्पादनका साधन वितरणमा सहुलियत प्रदान गर्ने तथा तालिम दिने |
- पशुपंछिजन्य श्रोतको उपभोग व्यवहारमा सुधार गर्ने |
- पशु सेवा प्राबिधिकहरुको सुक्ष्म पोषणयुक्त खाना सम्बन्धि क्षमता अभिबृधि गर्ने |

**३. शिक्षा क्षेत्र**

- बाल कलब स्थापना तथा विस्तार गर्ने |
- बिध्यालयमा रहेका बाल कलबहरुलाई जीवनउपयोगी सीप र पोषण बिषयमा अभिमुखीकरण गर्ने |
- बाल विकास सम्बन्धि योजना तयार गर्ने |
- बिद्यालय दिवा खाजामा आइरनयुक्त आहार सुनिश्चित गर्ने |
- शिक्षा क्षेत्रमा पोषण तथा सरसफाई सम्बन्धि क्षमता विकास गर्ने |
- विद्यालय तथा प्रारम्भिक बालविकास केन्द्रमा पोषण कर्नर, हात धुने स्थानको स्थापना, शौचालय तथा खानेपानीको सुनिश्चिता गर्ने, बालबिवाह विरुद्धका अभियानहरु संचालन गर्ने |

पोषण तथा खाद्य सुरक्षा नेपाल

EUROPEAN UNION

unicef

**४. खानेपानी तथा सरसफाई क्षेत्र**

- साबुन पानीले हात धुने व्यवहार प्रबर्धन गर्ने ।
- विद्यालयमा शौचालय, सफा पिउने पानी, साबुन पानीले हात धुने र महिनावारी भएका बालिकालाई सरसफाईका सुबिधाको व्यवस्था गर्ने ।
- खानेपानी सरसफाई क्षेत्रका सरोकारवालाहरुलाई अभिमुखिकरण ।
- खुला दिशा मुक्त क्षेत्र घोषणा तथा पूर्ण सरसफाई अभियान संचालन गर्ने ।
- घरमा सुरक्षित खानेपानीको उपलब्धताको सुनिश्चिता गर्ने साथै खानेपानी शुद्धिकरण गर्ने विधिको बारेमा जनचेतना अभिबृधि गर्ने तथा प्रोत्साहन गर्ने ।

**५. महिला बालबालिका क्षेत्र**

- महिनावारी र पोषणका बिषयमा परम्परागत अन्धबिश्वास हटाउने जनचेतनामुलक कार्यक्रम गर्ने ।
- घर परिवारका सदस्यहरुका साथै सासु बुहारी र श्रीमानबीच अन्तरक्रिया कार्यक्रम संचालन गर्दा पोषणका बिषयमा समाबेश गर्ने ।
- महिला समूह, सहकरिहरुमा पोषिलो जाउलो, लिटो र आयोडिन नुन सम्बन्धि परामर्श गर्ने ।
- महिलाहरुलाई जीवन उपयोगी सिप प्रदान गरिने तालिम संचालन गर्ने ।
- महिला समूह, सहकारी र संस्थाहरुलाई पोषण प्रबर्धन गर्न परिचालन गर्ने ।

**६. स्थानीय सुशासन**

- स्थानीय तहमा आवधिक, बार्षिक तथा रणनीतिक योजनामा बहुक्षेत्रीय पोषण योजनालाई समाबेश गर्ने ।
- किशोर किशोरी मैत्री स्वास्थ्य तथा पोषण कार्यक्रमहरु एकीकृतरुपमा विस्तार गर्ने ।
- १००० दिनका घर परिवारको तथ्यांक अध्यावधिक गर्ने, पोषण प्रोफाइल तयार गर्ने र पोषणका सूचकहरु तयार गर्ने ।
- बहुक्षेत्रीय पोषण योजनाबारे कर्मचारी, जनप्रतिनिधिहरुको क्षमता विकास गर्ने ।
- स्वास्थ्य संस्थामा सुत्केरी हुन आउनेहरुका लागि प्रोत्साहन गर्ने ।
- समुदाय स्तरमा पोषण प्रबर्धन गर्न रेडियो कार्यक्रम संचालन गर्ने ।
- बहुक्षेत्रीय पोषण योजना कार्यान्यवनको नमुना तयार गर्ने ।
- बहुक्षेत्रिय पोषण योजनासंग सम्बन्धित क्रियाकलापहरुको अनुगमन गर्ने ।

पोषण तथा खाद्य सुरक्षा नेपाल

EUROPEAN UNION

unicef

# निष्कर्ष

आर्थिक बर्ष २०७४/७५ सालको स्वीकृत कार्यक्रम अनुसार नौमूले गाउँपालिका दैलेखमा तोकिएका वडा नं ३ द्वारी र वडा नं ८ चौराठामा बहुक्षेत्रीय पोषण योजनाको कार्यक्रम स्वीकृत भई संचालन गरियो | नौमूले गाउँपालिकाको स्वीकृत उक्त कार्यक्रम तोकिएका वडाहरुमा २०७४ श्रावन २६ गते देखि २०७५ साल अषाढ मसान्तसम्म संचालन गर्दा सबै पक्ष सबल देखियो | विभिन्न चुनौतिका साथ कार्यक्रम समापन गरियो | यस कार्यक्रमबाट तोकिएका सरोकारवालाहरुलाई कार्यक्रमले सकारात्मक सोचको विकास गरायो | यस कार्यक्रमको लागि आर्थिक लगानी वृधि गरि आगामी बर्षहरुमा सब वडाहरुमा पुग्ने अख्तियारी प्राप्त भएमा मात्र आशातित उपलब्धिहरु प्राप्त गर्न सकिने देखिन्छ |

बहुक्षेत्रीय पोषण योजनालाई अझ थप सफल पार्न एक जना बहुक्षेत्रीय पोषण बिज्ञको समेत व्यवस्था गर्न सके प्रभावकारी हुने देखिन्छ |

साना उमेरमा विवाहका कारण पाठेघर खस्ने समस्या, कम तौलका बच्चा जन्मने, बाल मृत्यु र जन्मेका धैरै जसो बाल बालिका पनि कुपोषणको शिकार भैरहेको विभिन्न अनुसन्धानले देखाईरहेको छ | बाल विवाहकै कारण सामान्य पढाई सम्म पनि गर्न नपाउनु र दिन प्रतिदिन घर व्यवहारले थिच्दै जानु, घरयासी काम भित्र पनि परम्परागत चुल्होको प्रयोगका कारण दम, खोकी, क्षयरोग जस्ता रोगको शिकार हुनु पनि कुपोषणको एक कारण तत्वको रुपमा लिन सकिन्छ |

गाउँपालिकाको पोषण स्थितिमा सुधार ल्याउन किशोरी अवस्था देखी नै  प्रजनन स्वास्थ्य, महिनावारी स्वच्छता, पोषणयुक्त खानपान, स्तरीय सरसफाईयुक्त बानी व्यवहार र सकारात्मक सोच सम्बन्धि ज्ञान हुन जरुरी छ | यी सबै कुराहरुलाई ध्यानमा राखि सुनौला हजार दिन भित्रका आमा र बच्चाको स्वास्थ्यलाई ख्याल गरि यो गाउँपालिकामा भएका सम्भावना, चुनौती र अवसरहरुको खोजि गर्नका लागि र सबै सरोकारवाला निकायसंग हातेमालो गर्दै भविष्यका कर्णधार बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउन अति आवश्यक छ | अत: आगामी दिनहरुमा यस्ता किसिमका सचेतनामुलक कार्यक्रमहरु यस नौमूले गाउँपालिकामा  निरन्तरता दिदै यहाँका बासिन्दाहरुले पोषण सम्बन्धि ज्ञान प्राप्त गरी त्यसको प्रयोग तथा उपयोग र जीवन सिपको विकास भई सम्बृद्ध समाज निर्माण हुने देखिन्छ |

**प्रतिबेदक**
भुपेन्द्र शाही
बहुक्षेत्रीय पोषण योजना फोकल पर्सन
सम्पर्क नं: 9815502045
Email: bhupen.shahi2011@gmail.com

पोषण तथा खाद्य सुरक्षा नेपाल

EUROPEAN UNION

unicef




**नौमूले गाउँपालिकामा MSNP लागु भएको / नभएको वडाको नक्सा**

# बहुक्षेत्रीय पोषण योजनाका केहि तस्बिरहरु




बहुक्षेत्रीय पोषण योजनाको गा. पा. स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशन समितिको बैठक




पोषण तथा खाद्य सुरक्षा नेपाल

EUROPEAN UNION

unicef







**बहुक्षेत्रीय पोषण योजना अन्तर्गत वडा नं ३ द्वारिमा १००० दिनका आमाहरुलाई पोषण सम्बन्धि अनुशिक्षण कार्यक्रम**

पोषण तथा खाद्य सुरक्षा नेपाल

EUROPEAN UNION

unicef







पोषण तथा खाद्य सुरक्षा नेपाल

EUROPEAN UNION

unicef







**बहुक्षेत्रीय पोषण योजना अन्तर्गत वडा नं ३ द्वारी र वडा नं ८ चौराठामा किशोर किशोरीहरुका लागि बालविवाह सम्बन्धि अभिमुखीकरण कार्यक्रम**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

पोषण तथा खाद्य सुरक्षा नेपाल

EUROPEAN UNION

unicef






**बहुक्षेत्रीय पोषण योजना अन्तर्गत वडा नं ८ चौराठामा १००० दिनका आमाहरुलाई पोषण सम्बन्धि अनुशिक्षण कार्यक्रम**

पोषण तथा खाद्य सुरक्षा नेपाल

EUROPEAN UNION

unicef







**बहुक्षेत्रीय पोषण योजना अन्तर्गत १००० दिनका आमा समुहहरुलाई तरकारी खेतीको उन्नत प्रबिधि सम्बन्धि १ दिने तालिम**





**बहुक्षेत्रीय पोषण योजना अन्तर्गत बाल बिकास केन्द्रहरुलाई ECD (खेल सामाग्री) वितरण**

पोषण तथा खाद्य सुरक्षा
नेपाल

EUROPEAN UNION

unicef





**<u>बहुक्षेत्रीय पोषण योजना अन्तर्गत सुनौला १००० दिनका आमाहरुलाई पोषण सरसफाई सम्बन्धि अन्तरक्रिया तथा सामाग्री वितरण</u>**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

पोषण तथा खाद्य सुरक्षा नेपाल

EUROPEAN UNION

unicef

नौमुले गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नौमूले, दैलेख
कर्णाली, प्रदेश नेपाल

च.नं. ३६९
पत्र संख्या

मिति :२०७५।०२।२८

विषय : बहुक्षेत्रिय पोषण हाल सम्मको खर्चको विवरण पठाइएको बारे ।

श्री संघिय मामिला तथा सामान्य प्रशासन प्रशासन मन्त्रालय

सिहंदरवार काठमाडौ ।

प्रस्तुत विषयमा तहाँको प.सं. २०७४।७५ च.नं.९४७ मिति २०७५।१।७ गतेको पत्र बमोजिम यस गाँउपालिकाको चालु आ.ब.२०७४।७५ को हाल सम्मको खर्चको विवरण यसै पत्रसाथ संलग्न राखि पठाईएको व्यहोरा अनुरोध छ ।

बोधार्थ

श्री जिल्ला समन्वय समितिको कार्यालय दैलेख ।

श्री संयोजक MSNP दैलेख ।

हरी बहादुर खत्री
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

**नौमुले गाउपालिका**

नौमुले गाउपालिकाको कार्यालय

नौमुले दैलेख

कर्णाली प्रदेश नेपाल

आ.व: २०७४।७५

कार्यक्रमको नाम: बहुक्षेत्रीय पोषण योजना

प्रतिवेदन पेश गरेको मिति : २०७५।२।२७

| क्र.स | क्रियाकलापहरूको विवरण | बार्षिक बजेट | खर्च विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | पहिलो चौमासिक अबधी सम्मको | दोस्रो चौमासिकको | तेस्रो चौमासिकको २०७५ जेठ २७ गते सम्मको खर्च | हाल सम्मको कुल खर्च | |
| १ | पशुपन्छी विकास क्षेत्र | ६९०,०००।०० | - | - | - | - | |
| २ | महिला बाल बालिका तथा समाज कल्याण | १७४,०००।०० | - | - | १७४,०००.०० | १७४,०००.०० | |
| ३ | शिक्षा क्षेत्र | १५६,१५०।०० | - | - | - | - | |
| ४ | कृषी क्षेत्र | २३७,८५०।०० | - | - | - | - | |
| | जम्मा | १,२५८,०००।०० | - | - | १७४,०००.०० | १७४,०००.०० | |

दस्तखत

तयार गर्नेको नाम महेन्द्र नेपाली

पद : सह लेखापाल

मिति : २०७५।२।२७

दस्तखत

प्रमाणित गर्नेको नाम हरी बहादुर खत्री

पद : प्रमुख प्रशासकिय अधिकृत

मिति : २०७५।२।२७

प्रमुख प्रशासकिय अधिकृत

पोषण तथा खाद्य सुरक्षा नेपाल

EUROPEAN UNION

unicef

आ.व. ०७४/०७५

कार्यक्रम : वहुक्षेत्रीय पोषण योजना

कार्यक्रम संचालन गरिने स्थान : नौमुले गाउपालिका, वार्ड नं...३, ८

लक्षित वर्ग : विपन्न परिवारका सुनौला १००० दिनका आमाहरुको घरधुरी

| नौमुले गाउपालिकाको वहुक्षेत्रीय पोषण योजना अन्तरगत विषयगत वजेट वाँडफाँड विवरण | | |
|---|---|---|
| बजेट तथा कार्यक्रम | | श्रोत |
| नीति योजना तथा स्थानीय विकास | ३१७००० | नौमुले गा.पा. |
| पशुपन्छि विकास क्षेत्र | ६९०००० | MSNP |
| महिला, बालबालिका तथा समाज कल्याण क्षेत्र | १७४००० | MSNP |
| शिक्षा क्षेत्र | १५६१५० | MSNP |
| खानेपानी तथा सरसफाई क्षेत्र | २२५००० | नौमुले गा.पा. |
| कृषि क्षेत्र | २३७८५० | MSNP |
| स्वास्थ्य क्षेत्र | ० | |
| कुल जम्मा रकम | १८००००० | |
| वहुक्षेत्रीय पोषण योजनाको लागी प्राप्त भएको अनुदान रकम | १२५८००० | |
| नौमुले गाउपालिकावाट थप भएको रकम | ५४२००० | |

नौमुले ............ गाउँपालिका

८ नं. वडा कार्यालय

चौराथ, दैलेख

६ नं. प्रदेश, नेपाल

पत्र संख्या : २०७५/०७६
चलानी नम्बर ४३८

मिति २०७५।०३।१५

विषय :- कार्यक्रम सम्पन्न भएको सम्बन्धमा

श्री नौमुले गाँउपालिकाको कार्यालय नौमुले

दैलेख

उपरोक्त सम्बन्धमा यस नौमुले गाँउपालिका वडा नं ८ चौराथ मा बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत १००० दिनको आमा हरुलाई पोषण सम्बन्धि १ दिने अनुशिक्षण र किशोर किशोरी लाई बालविवाह न्यूनिकरण सम्बन्धी कार्यक्रम सुसम्पन्न गरिएको व्यहोरा जानकारी गराईन्छ ।

२०७५।०३।१५

वडा अध्यक्ष

मोहन कुमार

श्री मोहन कुमार

गौमुले गाउँपालिका

३ नं. वडा कार्यालय

छाँटी, दैलेख

६ नं. प्रदेश, नेपाल

पत्र संख्या :- २०७५।०७६

चलानी नम्बर :- ३८२

मिति : २०७५।३।१९

**विषय** :- कार्य सम्पन्न सम्बन्धमा

श्री गाउँ कार्यपालिकाको कार्यालय
स्वास्थ्य शाखा, गौमुले दैलेख

प्रस्तुत विषयको सम्बन्धमा यस गौमुले गाउँपालिका वडा नं. ३ छाँटी साविकको छाँटी गा.वि.स. वडा नं. ४ ५ ६ मा बहु-क्षेत्रिय पोषण योजना अन्तर्गत सासु बुहारी अन्तरक्रिया कार्यक्रम मिति २०७५।३।१७ गतेका दिन सम्पन्न भएको व्यहोरा यसै चलानी साथ सिफारिस गरिएको व्यहोरा अनुरोध गरिन्छ।

२०७५।३।१९

वडा अध्यक्ष

पोषण तथा खाद्य सुरक्षा नेपाल

EUROPEAN UNION

unicef

## स्थानीय तहको पार्श्वचित्र

# नौमूले गाउँपालिका

## दैलेख, नेपाल

पोषण तथा खाद्य सुरक्षा नेपाल

EUROPEAN UNION

unicef

# स्थानीय प्रतिनिधिहरुको बिवरण

| | |
|---|---|
| अध्यक्ष | भदे बुढा मगर |
| उपाध्यक्ष | अमृता सिंह |
| वडा नं | वडा अध्यक्ष |
| १ | भुवानी प्रसाद जैसी |
| २ | मोतीलाल खत्री |
| ३ | गगन बहादुर रोका मगर |
| ४ | गज बहादुर ढेगा मगर |
| ५ | भबिराम बुढा मगर |
| ६ | दल बहादुर गुरुङ |
| ७ | मोतीलाल बस्नेत |
| ८ | मोहन कुमार राना मगर |

**प्रशासनिक तथा भौगोलिक बिवरण**

| | |
|---|---|
| **जम्मा वडा संख्या** | ८ |
| **जम्मा क्षेत्रफल** | २२८.५९ वर्ग कि मी |
| **जनसंख्या** | २०८०२ |
| **केन्द्र** | नौमूले |
| **सिमानाहरू** | पूर्वमा जुनिचांदे गा पा, जाजरकोट; पश्चिममा महाबू गा पा र नारायण न पा उत्तरमा  महाबै गा पा, कालिकोट; दक्षिणमा भगवतीमाई गा पा |
| **घरधुरी संख्या** | ३७०८ |
| **साबिकका गा बि स हरु** | तोली, बालुवाटार, द्वारी, कालिका, नौमूले, सल्लेरी, चौराठा |
| **बिद्यालय संख्या** | ४८ |
| **स्वास्थ्य संख्या** | ९ |
| **कृषि सेवा केन्द्र** | १ |
| **पशु सेवा केन्द्र** | १ |

# वडागत जनसंख्या बिवरण

| वडा | घरधुरी | जनसंख्या | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| १ | ६६३ | १६६२ | १८१८ | ३४८० |
| २ | ६०२ | १७३६ | १७८८ | ३५२४ |
| ३ | ४७८ | १३७० | १३११ | २६८१ |
| ४ | ४१६ | १२११ | १२४९ | २४६० |
| ५ | ३३४ | ८५२ | ९२८ | १७८० |
| ६ | ३९३ | १००६ | ११९१ | २१९७ |
| ७ | २९६ | ८९२ | ९१९ | १८११ |
| ८ | ५२६ | १३१६ | १५५३ | २८६९ |
| **जम्मा** | ३७०८ | १०,०४५ | १०,७५७ | २०,८०२ |

# अपेक्षित जनसंख्या (Target Population)

**अपेक्षित जनसंख्या (Target Population)**

| RM Name | Ward No | Total Population | Exp. Live Births | 00-11 Months | 02-11 Months | 12-23 Months | 00-23Months | 06-23 Months | 00-35 Months | 00-59 Months | 06-59 Months | 12-59 Months | 00-14 Years | Total: 10-19 Years | Male: 10-19 Years | Female: 10-19 Years | Female: 15-44Years | WRA 15-49 Years | MWRA 15-49 Years | Expected Pregnancy | Expected Pregnancy |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Naumule Gaunpalika, Dailekh | All | 22779 | 497 | 481 | 465 | 489 | 970 | 730 | 1440 | 2322 | 2102 | 1861 | 6865 | 5121 | 2675 | 2446 | 5960 | 6542 | 4959 | 586 | 1882 |
| | 1 | 3842 | 84 | 80 | 77 | 82 | 162 | 121 | 241 | 376 | 353 | 314 | 1102 | 870 | 453 | 417 | 1071 | 1160 | 878 | 99 | 318 |
| | 2 | 3816 | 83 | 81 | 78 | 82 | 163 | 123 | 242 | 431 | 353 | 312 | 1234 | 822 | 430 | 392 | 975 | 1055 | 800 | 98 | 273 |
| | 3 | 2926 | 64 | 62 | 60 | 63 | 125 | 94 | 185 | 320 | 270 | 239 | 906 | 645 | 366 | 279 | 767 | 840 | 637 | 75 | 192 |
| | 4 | 2681 | 58 | 57 | 55 | 58 | 115 | 87 | 170 | 254 | 248 | 219 | 812 | 602 | 294 | 308 | 679 | 749 | 568 | 68 | 192 |
| | 5 | 1996 | 44 | 42 | 41 | 43 | 85 | 64 | 126 | 180 | 184 | 163 | 528 | 449 | 239 | 210 | 530 | 590 | 447 | 52 | 219 |
| | 6 | 2411 | 53 | 51 | 49 | 52 | 103 | 78 | 153 | 259 | 223 | 197 | 716 | 564 | 274 | 290 | 645 | 712 | 540 | 63 | 235 |
| | 7 | 1972 | 43 | 42 | 41 | 42 | 84 | 63 | 125 | 212 | 182 | 161 | 630 | 421 | 235 | 186 | 465 | 522 | 396 | 51 | 134 |
| | 8 | 3135 | 68 | 66 | 64 | 67 | 133 | 100 | 198 | 290 | 289 | 256 | 937 | 748 | 384 | 364 | 828 | 914 | 693 | 80 | 319 |

पोषण तथा खाद्य सुरक्षा नेपाल

EUROPEAN UNION

unicef

# पोषणमा सम्बन्धित क्षेत्रको भूमिका




पोषण तथा खाद्य सुरक्षा नेपाल

EUROPEAN UNION

unicef

# स्वास्थ्य क्षेत्र

**<u>स्वास्थ्य सेवा केन्द्रको बिवरण</u>**

| गाउँपालिका | स्वास्थ्य संस्था भएको स्थान | जनसंख्या | सेवा क्षेत्र | स्वास्थ्य जनशक्ति |
|---|---|---|---|---|
| नौमूले | नौमूले, सल्लेरी, चौराठा, तोली, बालुवाटार, द्वारी, कालिका | २०८०२ | सबै वडाहरु | ४६ जना |

**<u>स्वास्थ्य क्षेत्रबाट संचालित अन्य पोषण लक्षित कार्यक्रमहरु</u>**

- २ बर्ष सम्मका बच्चालाई नियमित वृधि अनुगमन
- राष्ट्रिय अभियान
- रक्त अल्पता कमिको रोकथाम
- आयोडिनको कमिको रोकथाम

पोषण तथा खाद्य सुरक्षा नेपाल

EUROPEAN UNION

unicef

# शिक्षा क्षेत्र

**गाउँपालिका अनुसार विद्यालयको बिवरण**

| गाउँपालिका | विद्यालय संख्या | श्रोत केन्द्र | छात्रा | छात्र | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| नौमूले | ४८ | १ | | | | |

**शिक्षा क्षेत्रबाट संचालित अन्य कार्यक्रमहरु:**

- **दिवा खाजा कार्यक्रम**
  **(सबै बालविकास देखि कक्षा ५ सम्मका विद्यार्थीहरुलाई)**

# कृषि क्षेत्र

**साबिकको गा.बि.स. मा कृषक घरधुरीको संख्याप्रति सेवा केन्द्र**

| गाउँपालिका | सेवा केन्द्र | गा बि स संख्या | घरपरिवारको संख्या | कार्यरत प्रा.स. , ना.प्रा.स. को संख्या | खेति योग्यकुल क्षेत्रफ़ल |
|---|---|---|---|---|---|
| नौमूले | कृषि सेवा केन्द्र, नौमूले गा पा, वडा नं १, नौमूले बजार | | | २ | |

## पशु विकास क्षेत्र

**गाउँपालिका अन्तर्गत पशु सेवा केन्द्रको बिवरण**

| गाउँपालिका | पशु सेवा केन्द्रको बिवरण | समेटिएका वडाहरु | समेटेको घरधुरी |
|---|---|---|---|
| नौमूले | पशु सेवा केन्द्र, नौमूले गा पा, वडा नं १, नौमूले बजार | सबै वडाहरु | |

## खाने पानी तथा सरसफाई क्षेत्र

यस गाउँपालिका अन्तर्गत पर्ने साबिकका ६ वटै गा. बि. स. हरु खुल्ला दिशा मुक्त भईसकेको अवस्था छ, तथ्यांकगत रुपमा हेर्दा यस गाउँपालिकामा १०० प्रतिशत सरसफाई वा खुल्ला ठाउमा दिशा नगर्ने भन्ने देखिन्छ | त्यसै गरि खानेपानीको अवस्था पनि धैरै घरधुरीको पहुँचमा रहेको देखिन्छ |

| गाउँपालिका | साबिकका गा. बि. स. | जम्मा घरधुरी | व्यवस्थित खानेपानी | | चर्पी प्रयोग | |
|---|---|---|---|---|---|---|
| | | | लाभान्भित घरधुरी | प्रतिशत | लाभान्भित घरधुरी | प्रतिशत |
| **नौमूले** | | | | | | |

# महिला तथा बाल बालिका क्षेत्र

महिला तथा बाल बालिकाका लागि यस नौमूले गाउँपालिका दैलेखमा विभिन्न कार्यक्रमहरु सम्पन्न भएका छन् ।

- पोषण सम्बन्धि सासुबुहारी अन्तरक्रिया कार्यक्रम
- १००० दिनका आमाहरुलाई पोषण सम्बन्धि अनुशिक्षण
- किशोर किशोरीहरुलाई बाल बिवाह न्यूनीकरण सम्बन्धि अभिमुखीकरण
- विद्यालयमा प्राथमिक उपचार तथा महिनावारी kit सामाग्री वितरण
- बाल विकास केन्द्रहरुमा खेलकुद सामाग्री (ECD kid box) तथा फिल्टर वितरण कार्यक्रम ।

पोषण तथा खाद्य सुरक्षा नेपाल

EUROPEAN UNION

unicef

# पोषणको अवस्था सुधारमा देखिएका चुनौतिहरु

- पशुजन्य आहारको पहुँचमा कमि
- महिलाहरुलाई घरयासी कामकाज बढि हुनु
- किशोर किशोरीहरूमा स्वास्थ्य, पोषण  तथा प्रजननका बारेमा जानकारी नहुनु
- खाध्यपदार्थबाट पाइने पोषक तत्वको बारेमा पर्याप्त जानकारी नहुनु
- आफ्नै करेसाबारीमा उपलब्ध पोषण युक्त खानेकुराहरु समय अभावका कारण प्रयोग गर्न नसक्नु

## पोषण सम्बन्धि काम गर्ने अन्य कार्यक्रम तथा संस्थाहरु

यस गाउँपालिकामा पोषण सम्बन्धि स्वास्थ्य संस्थाहरुबाट पांच बर्ष मुनिका बाल बालिकाहरुलाई भिटामिन ए, वृधि अनुगमन जस्ता कार्यक्रम निरन्तर संचालन भैरहेका छन् ।

साथै सुआहारा-2 कार्यक्रमबाट सुनौला १००० दिनका आमाहरुलाई कुखुराका चल्ला वितरण कार्यक्रम पनि सम्पन्न भएका छन् ।

पोषण तथा खाद्य सुरक्षा नेपाल

EUROPEAN UNION

unicef

नौमूले गा पा अन्तगेत वडा नं ३ द्वारी र वडा नं ८ चौराठा मा संचालित बहुक्षेत्रीय पोषण योजना कार्यक्रममा अनुगमन गर्ने अनुगमन कर्ताहरुको उपस्थिति तथा अनुगमन प्रतिबेदन [illegible]

१) अध्यक्ष श्री भदे बुढा मगर
२) उपाध्यक्ष श्री अमृता सिंह
३) प्र.प्र.अ. श्री हरी बहादुर खत्री
४) शा.अ. श्री झलक प्रसाद कोइराला
५) सि अहेब श्री भुपेन्द्र शाही
६) लेखापाल श्री कविराज जैसी
७) वडा अध्यक्ष श्री दल बहादुर गुरुङ
८) वडा अध्यक्ष श्री गगन बहादुर रोका
९) वडा अध्यक्ष श्री मोहन कुमार राना
१०) प्रा स श्री कृपाराम रेग्मी
११) प्रा स श्री योग नारायण सिंह
१२) स ले पा श्री महेन्द्र नेपाली

१. पोषण सम्बन्धि सासु बुहारी अन्तरक्रिया कार्यक्रम नौमूले गा पा वडा नं ३ द्वारिमा संचालन भएको
२. १००० दिनका आमाहरुलाई पोषण सम्बन्धि अनुशिक्षण तालिम नौमूले गा पा वडा नं ३ द्वारी र नौमूले गा पा वडा नं ८ चौराठामा सम्पन्न भएको
३. किशोर किशोरीहरुलाई बालविवाह न्युनिकरण सम्बन्धि तालिम नौमूले गा पा वडा नं ३ र नौमूले गा पा वडा नं ८ मा संचालन भएको पाइयो
४. प्राथमिक उपचार तथा महिनावारी किट सामाग्री वडा नं ३ मा बि द्वारी र वडा नं ८ को अरनिको मा बि गिर्खानीमा वितरण गरेको पाइयो
५. सुनौलो हजार दिनका आमाहरुलाई १०० जना नौमूले गा पा वडा नं ३ मा ५० तथा वडा नं ८ मा ५० जनालाई सरसफाई सम्बन्धि तालिम तथा नंगकट साबुन र रुमाल वितरण गरेको पाइयो
६. बिद्यालय तथा बाल विकास केन्द्रहरुमा वडा नं ३ मा ५ वटा तथा वडा नं ८ मा ५ वटा फिल्टर वितरण गरेको पाइयो
७. शौचालय नभएका घर धुरीमा वडा नं ३ मा २० र वडा नं ८ मा २० वटा toilet, pansheet र पाइप बितरण गरेको पाइयो
८. बालविकास केन्द्रका अभिभावक स.का. बालकलब व्यवस्थापन समिति, सहितको तालिम ने,रा.आ.बि. ठानडाँडामा अवस्थित बा. बि. के. मा तालिम संचालन भएको
९. बा.बि.के. का लागि किड बक्स, नौमूले गा पा. वडा नं ८ मा २ वटा र वडा नं ३ मा - २ वटा सम्बन्धित बिद्यालय (बा.बि.के.लाई) यही मिति २०७५/३/२० मा वितरण गरिएको ।
१०. कुखुरा वितरण तथा तालिम सम्पन्न भएको
११. वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशन समिति गठन भै कार्य संचालन गरेको
१२. नियमित बैठक बस्ने गरेको
१३. कृषि समूह गठन, तालिम संचालन, करेसाबारी स्थापना भएको ।

पोषण तथा खाद्य सुरक्षा नेपाल

EUROPEAN UNION

unicef

## बहुक्षेत्रीय पोषण योजना कार्यक्रम
## कार्य प्रगती प्रतिवेदन आ.व.२०७४/७५

| प्रतिवेदन महिना : | बार्षिक | प्रतिवेदन मिति : | २०७५/०४/१० | जम्मा बजेट |
|---|---|---|---|---|
| स्थानीयतहको नाम : | नौमूले गाउँपालिका | केन्द्रबाट प्राप्त रकम रु. | १२,५८,०००/- | |
| कार्यक्रम लागु भएका वडाहरु : | ३ र ८ वडाहरु | स्थानीय तहको समपुरक रकम रु. | ५,४२,०००/- | १८,००,०००/- |

**क. कार्यक्रम तथा क्रियाकलापहरुको विवरण :**

| कं.सं. | कार्यक्रम तथा क्रियाकलाप | कार्यक्रम संचालन | | लाभान्वीत संख्या | | | विनियोजित रकम | वास्तविक खर्च | कार्यक्रमको जिम्मेवार व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मिति | वडा | पुरुष | महिला | जम्मा | | | | |
| १ | पोषण सम्बन्धि सासु बुहारी अन्तरक्रिया कार्यक्रम | २०७५/३/२ | ३ | ० | ५० | ५० | २६,३००/- | २६,३००/- | भुपेन्द्र शाही | MSNP |
| २ | १००० दिनका आमाहरुलाई पोषण सम्बन्धि अनुशिक्षण कार्यक्रम | २०७५/३/४ | ३ | ० | ३० | ३० | १९,८००/- | १९,८००/- | भुपेन्द्र शाही | MSNP |
| ३ | १००० दिनका आमाहरुलाई पोषण सम्बन्धि अनुशिक्षण कार्यक्रम | २०७५/३/५ | ३ | ० | ३० | ३० | १९,८००/- | १९,८००/- | भुपेन्द्र शाही | MSNP |
| ४ | १००० दिनका आमाहरुलाई पोषण सम्बन्धि अनुशिक्षण कार्यक्रम | २०७५/३/११ | ८ | ० | ३० | ३० | १९,८००/- | १९,८००/- | भुपेन्द्र शाही | MSNP |
| ५ | १००० दिनका आमाहरुलाई पोषण सम्बन्धि अनुशिक्षण कार्यक्रम | २०७५/३/१२ | ८ | ० | ३० | ३० | १९,८००/- | १९,८००/- | भुपेन्द्र शाही | MSNP |
| ६ | किशोर किशोरीहरुलाई बालविवाह न्यूनीकरण सम्बन्धि अभिमुखीकरण कार्यक्रम | २०७५/३/७ | ३ | १४ | १६ | ३० | १९,२५०/- | १९,२५०/- | भुपेन्द्र शाही | MSNP |
| ७ | किशोर किशोरीहरुलाई बालविवाह न्यूनीकरण | २०७५/३/८ | ८ | १२ | १८ | ३० | १९,२५०/- | १९,२५०/- | भुपेन्द्र शाही | MSNP |

| क्र.सं. | कार्यक्रम तथा क्रियाकलाप | कार्यक्रम संचालन | | लाभान्वीत संख्या | | | विनियोजित रकम | वास्तविक खर्च | कार्यक्रमको जिम्मेवार व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मिति | वडा | पुरुष | महिला | जम्मा | | | | |
| | सम्बन्धि अभिमुखीकरण कार्यक्रम | | | | | | | | | |
| ८ | बालविकास केन्द्रमा पोषण सम्बन्धि ३ दिने तालिम | २०७५/३/१३ | ८ | | ३० | ३० | ५६,१५०/- | ५६,१५०/- | झलक प्रसाद कोइराला | MSNP |
| ९ | सुनौलो १००० दिनका आमाहरुलाई पोषण सरसफाई सम्बन्धि १ दिने अन्तरक्रिया कार्यक्रम | २०७५/३/२४ | ३ | ० | ७५ | ७५ | ६२,५००/- | ६२,५००/- | भुपेन्द्र शाही | MSNP |
| १० | सुनौलो १००० दिनका आमाहरुलाई पोषण सरसफाई सम्बन्धि १ दिने अन्तरक्रिया कार्यक्रम | २०७५/३/१० | ८ | ० | ७५ | ७५ | ६२,५००/- | ६२,५००/- | भुपेन्द्र शाही | MSNP |
| ११ | कृषक समूह गठन | २०७४/९/२७ | ३ | ० | ८० | ८० | ४०००/- | ४०००/- | योग नारायण सिंह | MSNP |
| १२ | कृषक समूह गठन | २०७४/१०/२५ | ८ | ० | ८० | ८० | ४०००/- | ४०००/- | योग नारायण सिंह | MSNP |
| १३ | तरकारी खेति सम्बन्धि तालिम | | ३ | ० | ८० | ८० | ५०,९२५/- | ५०,९२५/- | योग नारायण सिंह | MSNP |
| १४ | तरकारी खेति सम्बन्धि तालिम | | ८ | ० | ८० | ८० | ५०,९२५/- | ५०,९२५/- | योग नारायण सिंह | MSNP |
| १५ | करेसाबारी स्थापना | | ३ | ० | ८० | ८० | ४०,०००/- | ४०,०००/- | योग नारायण सिंह | MSNP |
| १६ | करेसाबारी स्थापना | | ८ | ० | ८० | ८० | ४०,०००/- | ४०,०००/- | योग नारायण सिंह | MSNP |
| १७ | हजारी वितरण | | ३ | ० | ३० | ३० | १८,०००/- | १८,०००/- | योग नारायण सिंह | MSNP |
| १८ | हजारी वितरण | | ३ | ० | ३० | ३० | १८,०००/- | १८,०००/- | योग नारायण सिंह | MSNP |
| १९ | १ दिने कुखुरा पालन तालिम | | ३ | ० | ४० | ४० | ४६,५००/- | ४६,५००/- | कृपाराम रेग्मी | MSNP |
| २० | १ दिने कुखुरा पालन तालिम | | ८ | ० | ४० | ४० | ४६,५००/- | ४६,५००/- | कृपाराम रेग्मी | MSNP |
| २१ | सुनौला १००० दिनका आमाहरुलाई ८ हप्ते कुखुराका चल्ला वितरण | | ३ | ० | ८० | ८० | १,६०,०००/- | १,६०,०००/- | कृपाराम रेग्मी | MSNP |
| २२ | सुनौला १००० दिनका आमाहरुलाई ८ | | ८ | ० | ८० | ८० | १,६०,०००/- | १,६०,०००/- | कृपाराम रेग्मी | MSNP |

| क्र.सं. | कार्यक्रम तथा क्रियाकलाप | कार्यक्रम संचालन | | लाभान्वीत संख्या | | | विनियोजित रकम | वास्तविक खर्च | कार्यक्रमको जिम्मेवार व्यक्ति | बजेट स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मिति | वडा | पुरुष | महिला | जम्मा | | | | |
| | ह्से कुखुराका चल्ला वितरण | | | | | | | | | |
| २३ | खोर निर्माण सहयोग | | ३ | ० | ८० | ८० | १,२०,०००/- | १,२०,०००/- | कृपाराम रेग्मी | MSNP |
| २४ | खोर निर्माण सहयोग | | ८ | ० | ८० | ८० | १,२०,०००/- | १,२०,०००/- | कृपाराम रेग्मी | MSNP |
| २५ | प्राथमिक उपचार तथा महिनावारी किट सामाग्री वितरण (बिध्यलायामा) | | ३ | ० | | १ बिद्यालय | १५,०००/- | १५,०००/- | भुपेन्द्र शाही | MSNP |
| २६ | प्राथमिक उपचार तथा महिनावारी किट सामाग्री वितरण (बिध्यलायामा) | | ३ | ० | | १ बिद्यालय | १५,०००/- | १५,०००/- | भुपेन्द्र शाही | MSNP |
| २७ | बालविकास र बिद्यालय केन्द्रमा filter वितरण | | ३ | | | ५ बिद्यालय | २०,०००/- | २०,०००/- | भुपेन्द्र शाही | MSNP |
| २८ | बालविकास र बिद्यालय केन्द्रमा filter वितरण | | ८ | | | ५ बिद्यालय | २०,०००/- | २०,०००/- | भुपेन्द्र शाही | MSNP |
| २९ | शौचालय नभएका घरधुरीमा पाइप र प्यान वितरण | | ३ | | | २० | ४०,०००/- | ४०,०००/- | भुपेन्द्र शाही | MSNP |
| ३० | शौचालय नभएका घरधुरीमा पाइप र प्यान वितरण | | ८ | | | २० | ४०,०००/- | ४०,०००/- | भुपेन्द्र शाही | MSNP |
| ३१ | बाल विकास केन्द्रमा ECD किड बक्स वितरण | | ३ | | | २ बाकस | २४,०००/- | २४,०००/- | झलक प्रसाद कोइराला | MSNP |
| ३२ | बाल विकास केन्द्रमा ECD किड बक्स वितरण | | ८ | | | २ बाकस | २४,०००/- | २४,०००/- | झलक प्रसाद कोइराला | MSNP |
| ३३ | बालविकास केन्द्रमा आधारभूत सामाग्री वितरण | | ३ | | | २ केन्द्रमा | २६,०००/- | २६,०००/- | झलक प्रसाद कोइराला | MSNP |
| ३४ | बालविकास केन्द्रमा आधारभूत सामाग्री वितरण | | ८ | | | २ केन्द्रमा | २६,०००/- | २६,०००/- | झलक प्रसाद कोइराला | MSNP |
| | | | | | | | | | | |

**ख. कार्यक्रमबाट प्राप्त उपलब्धिहरु बुँदागत रुपमा लेख्नुहोस् :**

१) सुनौला १००० दिनका आमाहरुलाई पोषन बारे चेतना

२) पोषण तत्वको महत्व बारेमा ज्ञान

३) पशु जन्य पदार्थको पोषणमा महत्व बारे ज्ञान

**ग. कार्यक्रम तथा क्रियाकलाप संचालन गरे पछि समाजमा/ समुदायमा / सुनौला १००० दिनका घरपरिवारमा तत्कालिन पारेको असर / प्रभाव**

१) गर्भवती तथा सुत्केरी महिलाहरुको स्वास्थ्यमा सकरात्मक परिवर्तन


२) पशु जन्य तथा बनस्पति जन्य आहारको उत्पादन तथा उपभोगमा वृधि

**घ. कार्यक्रमवाट प्राप्त सिकाई :**

१) पोषणयुक्त खानेकुराहरुको उपभोगमा जनचेतना अभिबृधि भएको

२) सरसफाई सम्बन्धि जनचेतना अभिबृधि

**ङ. अनुगमन तथा मुल्याङ्कन प्रक्रिया (अनुगमन प्रतिवेदन समेत) :**



नौमूले गा पा अन्तगेत वडा नं ३ द्वारी र वडा नं ८ चौराठा मा संचालित बहुक्षेत्रीय पोषण योजना कार्यक्रममा अनुगमन गर्ने अनुगमन कर्ताहरुको उपस्थिति तथा अनुगमन प्रतिबेदन ०७५।३।२०-२०७५

१) अध्यक्ष श्री भदे बुढा मगर
२) उपाध्यक्ष श्री अमृता सिंह
३) प्र.प्र.अ. श्री हरी बहादुर खत्री
४) शा.अ. श्री झलक प्रसाद कोइराला
५) सि अहेब श्री भुपेन्द्र शाही
६) लेखापाल श्री कविराज जैसी
७) वडा अध्यक्ष श्री दल बहादुर गुरुङ
८) वडा अध्यक्ष श्री गगन बहादुर रोका
९) वडा अध्यक्ष श्री मोहन कुमार राना
१०) प्रा स श्री कृपाराम रेग्मी
११) प्रा स श्री योग नारायण सिंह
१२) स ले पा श्री महेन्द्र नेपाली

१. पोषण सम्बन्धि सासु बुहारी अन्तरक्रिया कार्यक्रम नौमूले गा पा वडा नं ३ द्वारिमा संचालन भएको
२. १००० दिनका आमाहरुलाई पोषण सम्बन्धि अनुशिक्षण तालिम नौमूले गा पा वडा नं ३ द्वारी र नौमूले गा पा वडा नं ८ चौराठामा सम्पन्न भएको
३. किशोर किशोरीहरुलाई बालविवाह न्युनिकरण सम्बन्धि तालिम नौमूले गा पा वडा नं ३ र नौमूले गा पा वडा नं ८ मा संचालन भएको पाइयो
४. प्राथमिक उपचार तथा महिनावारी किट सामाग्री वडा नं ३ मा बि द्वारी र वडा नं ८ को अरनिको मा बि गिर्खानीमा वितरण गरेको पाइयो
५. सुनौलो हजार दिनका आमाहरुलाई १०० जना नौमूले गा पा वडा नं ३ मा ५० तथा वडा नं ८ मा ५० जनालाई सरसफाई सम्बन्धि तालिम तथा नंगकट साबुन र रुमाल वितरण गरेको पाइयो
६. बिद्यालय तथा बाल विकास केन्द्रहरुमा वडा नं ३ मा ५ वटा तथा वडा नं ८ मा ५ वटा फिल्टर वितरण गरेको पाइयो
७. शौचालय नभएका घर धुरीमा वडा नं ३ मा २० र वडा नं ८ मा २० वटा toilet, pansheet र पाइप बितरण गरेको पाइयो
८. बालविकास केन्द्रका अभिभावक स.का. बालकलब व्यवस्थापन समिति, सहितको तालिम ने,रा.आ.बि. ठानडाँडामा अवस्थित बा. बि. के. मा तालिम संचालन भएको
९. बा.बि.के. का लागि किड बक्स, नौमूले गा पा. वडा नं ८ मा २ वटा र वडा नं ३ मा - २ वटा सम्बन्धित बिद्यालय (बा.बि.के.लाई) यही मिति २०७५/३/२० मा वितरण गरिएको ।
१०. कुखुरा वितरण तथा तालिम सम्पन्न भएको
११. वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशन समिति गठन भै कार्य संचालन गरेको
१२. नियमित बैठक बस्ने गरेको
१३. कृषि समूह गठन, तालिम संचालन, करेसाबारी स्थापना भएको ।

**च. घटना अध्ययन/सफलताको कथा :**

**छ. निश्कर्ष :**

बहुक्षेत्रीय पोषण योजना संचालित वडा नं ३ द्वारी र वडा नं ८ चौराठामा प्रभावकारी भएको पाइयो | साथै अन्य वडाहरुमा पनि क्रमश विस्तार गर्दै गएमा प्रभावकारी हुने देखिन्छ |

**ज. कार्यक्रम संग सम्बन्धित फोटोहरु :**









| हिमाल ध्वज मल्ल | भुपेन्द्र शाही | कविराज जैसी | हरी बहादुर खत्री |
|---|---|---|---|
| सूचना प्रबिधि अधिकृत | ब.क्षे.पो.यो.फोकल पर्सन | लेखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |
| **(तयार गर्ने)** | **(प्रतिबेदक)** | **(रुजु गर्ने)** | **(प्रमाणित गर्ने)** |

पोषण तथा खाद्य सुरक्षा नेपाल

EUROPEAN UNION

unicef

पोषण तथा खाद्य सुरक्षा
नेपाल

EUROPEAN UNION

unicef